# बुटवल उप महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### प्रदेश नं. ५, नेपाल
## सिलबन्दी वोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७६/१०/१३**

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको चालु आ.व.२०७६/०७७ का लागि स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको कार्य सिलबन्दी वोलपत्रद्धारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र मिति २०७६/११/१३ गते सम्म कार्यालय समयभित्र फर्म वा कम्पनी सञ्चालकको नागरिकताको प्रतिलिपि, आ.व.०७५/०७६ को कर चुक्ता प्रमाणपत्र , आ.व.२०७६/०७७ का लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको दरभाउपत्र दस्तुर वापत (पछि फिर्ता नहुने गरी) नगदै बुझाई बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखाबाट वोलपत्रदाता आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ ।

२. खरीद भएका वोलपत्र सिलबन्दी गरी मिति २०७६/११/१४ गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी कामको विवरण, वोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

३. म्याद र समयभित्र दर्ता भएका वोलपत्रहरु मिति २०७६/११/१४ गते दिनको १.०० बजे बु.उ.म.न.पा. नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । वोलपत्र खरिद वा दाखिला गर्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खरिद र भोलिपल्ट दाखिला गर्ने कार्य हुनेछ ।

४. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको वोलपत्रलाई मान्यता दिइने छैन ।

५. वोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम बुटवल उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुटवलको रा.वा.बैंक बुटवल शाखाको कार्यालय **कोड नं ८०१०५४८०१ धरौटी खाता नं. ३१२०३०३००३००३** मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैकबाट बुटवल उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको विड वण्ड (धितो जमानी पत्र) पेश गर्नुपर्नेछ ।

६. वोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छाप भएको हुनु पर्नेछ ।

७. शर्त राखी आएको सिलबन्दी वोलपत्र स्वीकृत हुने छैन ।

८. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको वोलपत्रमा कुनै कारवाही हुनछैन ।

९. वोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालय को जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

११. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

| ठे.नं. | कामको विवरण | आपूर्ति गर्ने स्थान | धरौटी रकम रु | वोलपत्र दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| ४४/२०७६/०७७ | ट्रेक्टर -२ (दुई) थान हाईड्रोलिक ट्रली-१ थान (स्पेसिफिकेशन अनुसारको) | बुटवलउपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय | १,२०,०००/- | ३०००/- | |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय